# सानै उमेरमा र करकापमा विवाह

## Early and forced marriage

Nepali/नेपाली

Parenting SA

**बाल विवाह र करकापमा गराइने विवाह अष्ट्रेलियाका सबै राज्य र क्षेत्रहरूमा कानून विरुद्ध हो। कसैलाई बाल विवाह वा करकापमा विवाह गराउन अर्को देशमा लैजानु पनि कानून विरुद्ध हो।**

## सानै उमेरमा र करकापमा गरिने विवाह भनेको के हो?

सानै उमेरमा गरिने विवाह भनेको १८ वर्ष मुनिको उमेरमा बिहे हुनु हो। यसलाई बाल विवाह पनि भनिन्छ।

करकापको विवाह भनेको जब कसैलाई बिहे गर्न दबाब दिइन्छ, धम्क्याइन्छ वा निम्न अनुसारले छक्याइन्छ:

> उनीहरूले बिहे नगरे आफ्नो परिवार शर्मिन्दा हुन्छ भन्ने बनाएर

> आफुलाई वा आफ्ना प्रियजनहरूलाई हिंसा वा धम्की दिएर

> बिहे गर्न मन्जुर नहुन्जेल आफ्नो राहदानी जस्ता यात्राका कागजातहरू कब्जा गरेर

> छक्याएर वा झूट बोलेर - उनीहरू छुट्टीमा घुम्न वा मगनी गर्न मात्र विदेश जाने हो भनेर।

यदि परम्परा वा धार्मिक चलनहरू अस्ट्रेलियाको कानून भन्दा फरक छन् भने, जहिले पनि कानून नै पहिला आउँछ।

## अस्ट्रेलियाको कानूनले के भन्छ?

कानूनले यसो भन्छ:

> १८ वर्ष र माथिको उमेरका व्यक्तिले बिहे गर्ने वा नगर्ने, र कोसित गर्ने भन्ने बिचार स्वतन्त्र रूपमा आफै गर्न सक्छ

> १८ वर्ष भन्दा मुनिको कसैले पनि विवाह गर्न मिल्दैन। धेरै विशेष परिस्थितिहरूमा १६ वा १७ बर्षको ब्यक्तिले विवाह गर्न अनुमति माग्न अदालतमा आवेदन दिन सक्छ

> सांस्कृतिक या धार्मिक विवाह समारोह र १८ वर्ष भन्दा कमको कोहिसंग सम्बन्ध दर्ता गर्नु वैधानिक हुँदैनन्।

**सानै उमेरमा र करकापमा गरिने विवाहहरू प्रायजसो केटीहरूको हुन्छ तर केटाहरूलाई पनि असर गर्न सक्छ। आमाबाबुलाई परिवार वा सामुदायको दबावले आस्ट्रेलियामा आए पछी पनि यो चलनलाई जारी राख्न पर्ने जस्तो महसुस हुनसक्छ। याद गर्नुहोस् कि, यस्ता विवाहहरू अपराध हुन् र यो भएमा गम्भीर दण्ड लगाइन्छ।**

## युवा मानिसहरूलाई विवाह गर्न करकाप नगराउनुको फाइदाहरू

जब युवा ब्यक्तिहरूलाई विवाह गर्न बाध्य गराइदैन, उनीहरुले सम्भवत निम्न कुराहरु गर्लान्:

> स्कूल पढी सक्लान्
> राम्रो काम पाउलान्
> स्वास्थ्य गर्भावस्था र सुत्केरी हुन्छन
> आदरपूर्ण ब्यवहार हुन्छ
> यौन हिंसा सहित हिंसाको जोखिम कम हुन्छ।

## मागी विवाह

मागी विवाह अष्ट्रेलियामा वैधानिक हो। आमाबाबु वा अन्य कसैले खोजी दिएको कसैसंग बिहे गर्न सहमत हुनुलाई मागी विवाह भनिन्छ। तथापि, विवाह गर्ने दुवै व्यक्तिहरू १८ वर्ष वा माथिको हुनुपर्दछ र स्वतन्त्र रुपले नै विवाह गर्न सहमत हुनुपर्दछ।

## मद्दत लिने

यदी कसैलाई बिहे गरिदिनका लागी अर्को देशमा लैजादै गरेको वा कोहि करकापको विवाह वा बाल विवाहको जोखिममा भएको तपाईंलाई थाहा भयो भने तुरन्त सहयोग लिनुहोस। तपाईंले:

> संस्थालाई सम्पर्क गर्न सक्नुहुन्छ। यि गोपनीय हुन्छन्। तपाईंले दोभाषे माग्न सक्नुहुन्छ
> पुलिसलाई बोलाउन सक्नुहुन्छ
> बाल दुर्व्यवहार रिपोर्ट लाइन (Child Abuse Report Line) मा फोन गर्न सक्नुहुन्छ
> विद्यालयका कोही कर्मचारीलाई भन्न सक्नुहुन्छ।

बाल विवाह र करकापको विवाहले युवा ब्यक्तिको भलाइ र स्वास्थ्यमा हानि पुऱ्याउँछ र उनिहरूको मानव अधिकार उल्लङ्गन गर्दछ।

## सेवा (संस्था)हरु

**एस.ए. पुलिस (SA Police)**
000 मा फोन गर्नुहोस, यदि कोही अहिले खतरामा छ भने
13 14 44 मा फोन गर्नुहोस, यदि खतरा छ तर तत्काल होईन भने

**अष्ट्रेलियन फेडरल पुलिस (ए.एफ.पी.) (Australian Federal Police (AFP))**
13 12 37 मा फोन गर्नुहोस, ए.एफ.पी जबरजस्ती विवाहको जोखिममा परेका मानिसहरूलाई मद्दत पुर्याउन विशेष गरी प्रशिक्षित गरिएको छ
www.afp.gov.au/what-we-do/crime-types/human-trafficking

**बाल दुर्व्यवहार रिपोर्ट लाइन (Child Abuse Report Line)**
13 14 78 मा फोन गर्नुहोस, दिन वा रातको कुनै बेला
यदी तपाईं वा तपाईंले चिनेको कोही जोखिममा हुँदा
www.childprotection.sa.gov.au/reporting-child-abuse

**घरेलु हिंसा संकट फोन सेवा (Domestic Violence Crisis Line)**
1800 800 098 मा फोन गर्नुहोस, दिन वा रातको कुनै बेला
हिंसा,आपतकालिन बास र सिफारिशहरुका लागी सहयोग
http://womenssafetyservices.com.au

**एस.ए.को कानुनी सेवा आयोग (Legal Services Commission of SA)**
सल्लाह फोन लाईन1300 366 424 मा फोन गर्नुहोस, ९ बजे बिहान - ४ ३० बजे साँझ, सोम देखी शुक्र
निशुल्क, जरुरी र सामान्य कानुनी सल्लाह www.lsc.sa.gov.au

**परराष्ट्र र बाणिज्य विभाग (Department of Foreign Affairs and Trade)**
1300 555 135 मा फोन गर्नुहोस, दिन वा रातको कुनै बेला यदि तपाईं अष्ट्रेलियामा हुनुहुन्छ भने, र यदि तपाईं विदेशमा हुनुहुन्छ भने र मद्दत चाहियो भने +61 2 6261 3305 मा फोन गर्नुहोस, +61 421 269 080 मा एस.एम.एस गर्नुहोस
http://dfat.gov.au

**दास प्रथा विरुद्ध अस्ट्रेलिया (Anti-Slavery Australia)**
02 9514 8115 मा फोन गर्नुहोस, ९ बजे बिहान - ५ बजे साँझ, सोम देखी शुक्र वा इमेल antislavery@uts.edu.au
दास प्रथा बारे कानुनी तथा प्रवास सल्लाह, ओसार पसार र दास्-जस्तै चलन
www.antislavery.org.au

**माइ ब्लु स्काई (My Blue Sky)**
करकाप बिहे र निशुल्क कानुनी सल्लाह www.mybluesky.org.au

**अस्ट्रेलियन रेड क्रस (Australian Red Cross)**
8100 4666 मा फोन गर्नुहोस, ९ बजे बिहान - ५ बजे साँझ, सोम देखी शुक्र वा यो समय बाहिर सहयोग चाहिएमा 1800 986 401 मा फोन गर्नुहोस वा national_STPP@redcross.org.au मा इमेल गर्नुहोस

**अनुवादन तथा दोभषण सेवा (टिस नेसनल) (Translating and Interpreting Service (TIS National))**
13 14 50 मा फोन गर्नुहोस, दिउँसो वा रातिको कुनै पनि समयमा फोन दोभाषेका लागि www.tisnational.gov.au

यो आमाबाबुका लागी सजिलो निर्देशिका ('पेरेन्ट इजि गाइड') पेरेन्टिङ एस.ए. ले दक्षिण अष्ट्रेलियामा नयाँ र फस्टाउदै गरेका बहुसांस्कृतिक समुदायका परिवारहरूका लागि बिकास गरेको ९ वटा मध्ये एउटा हो। कयौं सेवा/ संस्थाहरु र परिवारहरु जस्ले यि निर्देशिकामा निर्लोभ रुपमा आफ्नो ज्ञान र योग्यता योगदान गर्नु भएको छ, वहाँहरु विशेष गरी यि परिवारहरु र कर्मचारी सदस्यहरु हुन जसका तस्विरहरू यिनीहरूमा राखिएका छन्, वहाँहरुलाई हामी धेरै आभार ब्यक्त गर्न चाहन्छौं। पेरेन्टिङ एस.ए., शिक्षा विभाग र महिला तथा बालस्वास्थ्य सञ्जाल ('वुमेन्स एन्ड चिल्ड्रेन्स हेल्थ नेट्वर्क')को एक साझेदार हो।
**फोन (08) 8303 1660**
**www.parenting.sa.gov.au**
**पेरेन्ट इजि गाइड'हरु दक्षिण अष्ट्रेलियामा नि:शुल्क छन्**
**महत्वपुर्ण:** यि जानकारी योग्य पेशेवरको सल्लाहको साटो दिन लक्षित गरिएका होईनन।
© दक्षिण अष्ट्रेलिया सरकार प्रथम उत्पादन 01/2019

Government of South Australia